# TRIBHUVAN UNIVERSITY SERVICE COMMISSION

(Written Examination 2076: Open Competition)

First Paper

Section B: Subjective Questions

**Subject: नेपाली** **Applied Post: Lecturer**

**Time: 2:30 hours** **Full Marks: 80**

**Candidates are required to give answers in their own words as critical as possible. All questions are compulsory. The figures in the margin indicate full mark.**

प्रश्न नं. १: आधुनिक नेपाली उपन्यासका प्रमुख धारा र तिनका मूलभूत प्रवृत्तिको विवेचना गर्नुहोस् । ८

प्रश्न नं. २: वर्णविश्लेषणका सैद्धान्तिक आधारहरूको सोदाहरण व्याख्या गर्नुहोस् । ८

प्रश्न नं. ३: संरचनावादी समालोचनाको पृष्ठभूमि केलाउँदै यसका प्रमुख प्रवृत्तिहरूको निरूपण गर्नुहोस् । ८

प्रश्न नं. ४: नेपाली कवितामा देखापरेका मतमतान्तरहरूको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् । ८

प्रश्न नं. ५: लोकवार्ताको परिचय दिँदै यसका मुख्य प्रकारहरूको विवेचना गर्नुहोस् । ८

प्रश्न नं. ६: समकालीन नेपाली साहित्यमा उत्तरआधुनिकताको प्रभाव र त्यससम्बन्धी अध्ययनमा पाइने चुनौतीहरूको विवेचना गर्नुहोस् । १०

प्रश्न नं. ७: नेपाली भाषा र साहित्यको अन्तर्राष्ट्रियकरणमा देखापरेका चुनौती र तिनको निराकरणका उपायबारे समीक्षा गर्नुहोस् । १०

प्रश्न नं. ८: "सामाजिक सञ्जालको अत्यधिक विकासले प्रगीतात्मक संरचनामा नेपाली कविताको सङ्ख्यात्मक वृद्धि देखिए पनि गुणात्मकतामा ह्रास आएको हुँदा यसतर्फ सर्जकहरू सचेत हुनु जरुरी छ" भन्ने कुराको पुष्टि गर्नुहोस् । १०

प्रश्न नं. ९: कथा र लघुकथाका बीचमा पाइने भिन्नता केलाउँदै तिनको स्तरीय सिर्जनामा ध्यान दिनुपर्ने कुराहरूको विवेचना गर्नुहोस् । १०



DotNepal .com

# TRIBHUVAN UNIVERSITY SERVICE COMMISSION

**(Written Examination 2076: Open Competition)**

**Second Paper**

**Subjective Questions**

**Subject: नेपाली** **Applied Post: Lecturer**

**Time: 3:00 hours** **Full Marks: 100**

**Candidates are required to give answers in their own words as critical as possible. All questions are compulsory. The figures in the margin indicate full mark.**

प्र.नं. १: स्नातक तहको अनिवार्य नेपालीको पाठ्यक्रमको संरचना प्रस्तुत गर्दै यसका खास विशिष्टताबारे समीक्षा गर्नुहोस् । १०

प्र.नं. २: स्नातकोत्तर तहको वार्षिक प्रणालीमा आधारित पाठ्यक्रम र सत्र प्रणालीमा आधारित पाठ्यक्रममा पाइने समानता र भिन्नताबारे विवेचना गर्नुहोस् । १०

प्र.नं. ३: पाठ्यक्रममा समाविष्ट पाठ्यवस्तुअनुरूप पाठ्यसामग्री समावेश नगरिँदा पठनपाठनमा आइपर्ने चुनौतीहरूको समीक्षा गर्नुहोस् । १०

प्र.नं. ४: स्नातकोत्तर तहको पाठ्यक्रममा 'शोधविधि र सिर्जनाविधि' सम्बन्धी पठनपाठनको सान्दर्भिकता पुष्टि गर्नुहोस् । १०

प्र.नं. ५: तीन वर्षे स्नातक तहको पाठ्यक्रममा देखिएका समस्या र तिनको सुधारका उपायबारे समीक्षा गर्नुहोस् । १०

प्र.नं. ६: स्नातकोत्तर तहको 'पाश्चात्य साहित्यमा वाद र समालोचना पद्धति' पाठ्यांशको शिक्षणमा कुन कुन विधिको प्रयोग गरिनु उपयोगी र सान्दर्भिक हुन्छ ? स्पष्ट पार्नुहोस् । ८

प्र.नं. ७: स्नातकोत्तर तहका विभिन्न विषयको शिक्षणमा के कस्ता सूचना प्रविधिको एकीकृत प्रयोग गर्न सकिन्छ ? विवेचना गर्नुहोस् । ७

प्र.नं. ८: लोकसाहित्य विषयक शोधकार्य गर्दा प्रयोग गरिने शोधविधिको चर्चा गर्दै तिनको उपयोगिता र सान्दर्भिकता पुष्टि गर्नुहोस् । ८

प्र.नं. ९: शोधकार्यमा उद्धरण र सन्दर्भसामग्रीको प्रयोगको आवश्यकता औंल्याउँदै यसमा ध्यान दिनुपर्ने कुराहरूको विवेचना गर्नुहोस् । ७

प्र.नं. १०: नेपाली भाषाको मानकीकरणमा बल्झाइएका समस्या के के हुन् र तिनको समाधान के कसरी गर्न सकिन्छ ? १०

प्र.नं. ११: नेपालको उच्च शिक्षा नीतिको निर्माण र कार्यान्वयनमा के कस्तो तालमेल रहेको छ ? ५

प्र.नं. १२: त्रिभुवन विश्वविद्यालय सेवामा बहाल रहेका शिक्षक-कर्मचारीहरूलाई के कस्ता सुविधा प्रदान गरिन्छ ? ५